नेपाल सरकार
# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
(.......................................... शाखा)

प.सं. :
च.नं. :

सिंहदरवार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ र संयुक्त राज्य अमेरिकाका राजदुत महामहिम Dean R. Thompson बीच आज सम्बत् २०८० साल साउन ११ गते बिहिबार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता भयो ।

भेटवार्ता क्रममा माननीय मन्त्रीज्यूले नेपाल र संयुक्त राज्य अमेरिका बीच सन् १९४७ मा दौत्य सम्बन्ध कायम भएको र हालसम्म दुई देश बीच प्रगाढ सम्बन्ध रहेको धारणा व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको विकास प्रक्रियामा संयुक्त राज्य अमेरिकाले पुऱ्याउँदै आएको बहुआयामिक सहयोगको लागि आभार प्रकट गर्नु भयो ।

भेटका क्रममा राजदुत महामहिम Dean R. Thompson ले कानून मन्त्रीज्यूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उक्त अवसरमा उहाँले नेपालको आर्थिक तथा सामाजिक विकासमा साझेदार हुन पाउँदा खुशी लागेको बताउँदै संक्रमणकालीन न्याय, एम.सी.सी. कार्यान्वयन, सम्पत्ति शुद्धिकरण निवारण, सर्वसाधारणको न्यायमा पहुँच अभिवृद्धि लगायतका विषयमा चासो व्यक्त गर्नु भयो । साथै उहाँले नेपालको समग्र आर्थिक, सामाजिक, न्यायिक विकास एवम् सुशासनको क्षेत्रमा सदैव सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

(फणिन्द्र गौतम)
सहसचिव एवम् प्रवक्ता

मिति: २०८०।०४।११

फोन नं.:४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४२११६८४